# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com


चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

प.सं.: २०७९/०८०
च.नं. : १९८

मिति : २०८०/०३/१४

**विषयः शहीद स्मृति र घाइते अपाङ्गता भत्ताका लागि विवरण यकिन गरी पठाउने सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरू (सबै)**
**चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)**

उपर्युक्त विषयमा कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय वीरेन्द्रनगर, सुर्खेतको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जनयुद्ध,जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनमा वेपत्ता र शहीद परिवारलाई शहीद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ताका लागि विवरण तपसिलको मापदण्डभित्र पर्ने / नगर्ने यकिन गरी भत्ता प्रदान गर्नुपर्ने भएकोले आ-आफ्नो वडा कार्यालयले २०८० असार १६ गते अपरान्ह ५:०० बजेभित्र अनिवार्य यथार्थ विवरण पठाउनु हुन अनुरोध छ ।

**तपसिल**

**जीवन निर्वाह भत्ता पाउन योग्य हुने आधारहरू**

- घाइते अपाङ्गता भएका व्यक्ति कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्ला / पालिकाबाट बसाइ सरेको वा बसाइ सरेर आएको भएमा
- घाइते अपाङ्गता भएका व्यक्ति कर्णाली प्रदेशबाट अन्य प्रदेशमा स्थायी रुपमा बसाइसराइ गरी नगएको हुनुपर्ने
- घाइते अपाङ्गता भएको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायमा हाल रोजगारीमा रही तलब भत्ता वा सरकारी सेवा सुविधा खाइपाइ आएको हुन नहुने

**विवरण पठाउने ढाँचा**

| क्र स | शहीद परिवार / घाइते अपाङ्गता भएका व्यक्तिको नाम | ठेगाना | जीवन निर्वाह भत्ता पाउन योग्य भएको वा नभएको | जीवन निर्वाह भत्ता पाउन योग्न नभएको भए सोको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

२०८० ०३/१४
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

## चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

### शहीद स्मृति भत्ता

| क्र.स. | सहिद वा वेपत्ता व्यक्तिको नाम, थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्मृति भत्ता प्राप्त गर्ने हकवालाको नाम | हकवालाको ठेगाना | सहिद तथा वेपत्ता पारिएका व्यक्तिसँगको नजिकको हकवाला खुल्ने नाता प्रमाण भए वा नभएको | बाजेको नाम | बाबुको नाम | आमाको नाम | |
| १ | पूर्णबहादुर विष्ट | रोशन विष्ट | चौरजहारी. १ | छोरा | टिके विष्ट | रगे विष्ट | भीमी विष्ट | |
| २ | तेजबहादुर सुनार | परिमल सुनार | चौरजहारी. १ | बाबु | | चलाउने सुनार | लोली सुनार | |
| ३ | प्रशुराम खत्री | कली केसी | चौरजहारी. २ | श्रीमती | | नरे कार्की | | |
| ४ | बलजित वि.क. | झुपी कामी | चौरजहारी. ४ | आमा | चाम्रे कामी | विर्वते कामी | ओइली कामी | |
| ५ | शेरवहादुर डाँगी | सावित्री डाँगी | चौरजहारी. ४ | श्रीमती | नन्दराम डाँगी | अमर बहादुर डाँगी | हुर्मति डाँगी | |
| ६ | लालबहादुर भण्डारी | रुपकली भण्डारी | चौरजहारी. ४ | आमा | वीर बहादुर भण्डारी | भद्र बहादुर भण्डारी | रुपकली भण्डारी | |
| ७ | टोपवहादुर वि.क | कमला बिक | चौरजहारी. ५ | श्रीमती | कालो कामी | गोविन्द कामी | काली कामी | |
| ८ | गोविन्दबहादुर खत्री | जयधरी खत्री | चौरजहारी. ५ | आमा | औंशे खत्री | हस्त बहादुर खत्री | मंगली खत्री | |
| ९ | जीतबहादुर सुनार | मिनाकुमारी सुनार | चौरजहारी. ५ | श्रीमती | पठे सुनार | देव बहादुर सुनार | सीता सुनार | |
| १० | शान्तबहादुर पुन | धनसरी पुन | चौरजहारी. ५ | श्रीमती | कमारो घर्ति | गोरे घर्ति | पली मगर घर्ति | |
| ११ | बालिका महतारा | भर्द बहादुर महतारा | चौरजहारी. ६ | बुवा | दलविर महतारा | विरभान महतारा | झुसी महतारा | |
| १२ | भद्र वहादुर बोहोरा | रतिराम बोहरा | चौरजहारी. ६ | बुवा | | मानसिङ बोहरा | सर्केनी बोहरा | |
| १३ | तिले कामी | पम्फी कामी | चौरजहारी. ६ | श्रीमती | भातेसेती कामी | तिले कामी | दुर्पति कामी | |
| १४ | झुसे बुढा | असारी बुढा | चौरजहारी. ६ | श्रीमती | पतु बोहरा | लालविर बोहरा | शितली वोहरा | |
| १५ | काली वोहोरा | बादी बोहरा | चौरजहारी. ६ | छोरा | गोरे बोहरा | गोठे बोहरा | काली बोहरा | |
| १६ | चन्द्रबहादुर बोहोरा | मानसिं बोहरा | चौरजहारी. ६ | बुवा | | ताजु बोहरा | तुली बोहरा | |
| १७ | तिलक बोहोरा | कमला बोहरा | चौरजहारी. ६ | आमा | लाले रावत | सार्की रावत | तिला रावत | |
| १८ | मन्जीत रोकाय | बलविर रोकाय | चौरजहारी. ६ | आमा | काले रोकाय | खड्के रोका | भुमि रोकाय | |
| १९ | फौदे रोकाय | ओइली रोकाय | चौरजहारी. ६ | श्रीमती | सर्ने रोका | हिर्दे रोकाय | लक्ष्मी रोकाय | |
| २० | कमल थापा | धनसरा थापा | चौरजहारी. ७ | आमा | कालो खत्री | नीला खत्री | थेपी खत्री | |
| २१ | केशरबहादुर खत्री | मन्धरी खत्री | चौरजहारी. ७ | श्रीमती | गोरे कार्की | कले कार्की | भुमि कार्की | |
| २२ | पूर्णप्रसाद शर्मा | सरस्वति शर्मा | चौरजहारी. ९ | श्रीमती | मोतिराम उपाध्याय | उमालाल शर्मा | टिकादेवी शर्मा | |
| २३ | निमबहादुर मल्ल | दल बहादुर मल्ल | चौरजहारी. ९ | बुवा | मोटु मल्ल | जङ्ग बहादुर मल्ल | रत्ना मल्ल | |
| २४ | दिनेश परियार | देवी परियार | चौ.न.पा.१० | आमा | कले दमाई | सदे दमाई | वसन्ती दमाई | |
| २५ | डवलबहादुर बुढा | भद्र कुमारी बुढा | चौ.न.पा.१० | श्रीमती | आसे घर्ति | जगत घर्ति | रति घर्ति | |
| २६ | चीनबहादुर बुढा | कमला राना वि.एम. | चौ.न.पा.१० | श्रीमती | नरे राना | उदिराम राना | झुपि राना | |
| २७ | फूलमाया वि.एम. | पार्वती बुढा | चौ.न.पा.१० | आमा | बाग्दल थापा | खड्के थापा | बसन्ता थापा | |
| २८ | महेन्द्र पुन | देउरुपा पुन | चौ.न.पा.१० | आमा | कमरो खडका | नन्दराम खड्का | काली खडका | |
| २९ | नेगबहादुर पुन | अन्नती पुन | चौ.न.पा.१० | आमा | खड्के पुन | लेत्रे पुन | साउनी पुन | बाबु र बाजेको नामथर |
| ३० | हरिवहादुर पुन | वली पुन | चौ.न.पा.१० | आमा | भिमे राना | किरकुला राना | सन्तकली राना | |
| ३१ | चिनबहादुर रोका | गंगा कुमारी रोका | चौ.न.पा.१० | श्रीमती | कुमारो कठई | पभ्रे कठई | चुके कठई | |
| ३२ | दिला रोका | गोविन्द बहादुर रोका | चौ.न.पा.१० | बुवा | कालु रोका | हिर्द बहादुर रोका | माघी रोका | |
| ३३ | ललिता बुढाथोकी | टेक बहादुर बुढाथोकी | चौ.न.पा.१० | बुवा | कुञ्ज बुढाथोकी | भर्दसिं बुढाथोकी | खलि बुढाथोकी | |
| ३४ | रीमा घर्ति | मन बहादुर घर्ति | चौ.न.पा.१० | बुवा | मइसर घर्ति | सार्के घर्ति | कमारी घर्ती | |
| ३५ | कृपलाल कामी | मोहन वि.क. | चौ.न.पा.१० | छोरा | | कृपलाल कामी | शुसिला कामी | |
| ३६ | चन्द्रबहादुर ओली | खिमा ओली | चौरजहारी. ११ | श्रीमती | कासु रोका | विर्खु रोका | नर्मी रोका | |
| ३७ | यज्ञबहादुर हमाल | लक्ष्मी कुमारी हमाल | चौरजहारी. ११ | श्रीमती | | तप्त बहादुर शाह | छिता कुमारी शाह | |
| ३८ | गणेश शाह | तोला कुमारी शाह | चौरजहारी. ११ | श्रीमती | | गणेश चन्द | गिता चन्द | |
| ३९ | कृष्णबहादुर शाह | भर्दी हमाल | चौरजहारी. ११ | श्रीमती | | भिम बहादुर हमाल | पवित्रा हमाल | |
| ४० | लोकसिंङ वि.क. | खिउरो कामी | चौरजहारी. १३ | बाबु | | आइमले कामी | | |
| ४१ | यमुना शर्मा | सीतादेवी शर्मा | चौरजहारी १३ | आमा | | मोहलाल उपाध्याय | | |
| ४२ | यज्ञशवर शर्मा | प्रदिब शर्मा | चौरजहारी १३ | छोरा | | यज्ञश्वर शर्मा | | |
| ४३ | गंगाराम पुन | गोपे पुन | चौरजहारी. १४ | बुवा | काशु पुन | विरु पुन | हिरी पुन | |
| ४४ | गोर्ख बहादुर राना | कमला राना | चौरजहारी. १४ | श्रीमती | मंगले पुन | शशे पुन | पुर्जी पुन | |
| ४५ | विर वहादुर बोहोरा | खिमा बोहरा | चौरजहारी६ | श्रीमती | | परे रोका | | |
| ४६ | तुलाराम बनगोसाई | निमबहादुर वनगोसाइ | चौरजहारी. १ | छोरा | मन्जित वनगोसाई | तुलाराम वनगोसाई | शान्ता वनगोसाई | |
| ४७ | छपे बादी | केशरे बादी | चौरजहारी. १ | बाबुछोरा | दले बादी | कालो बादी | गोरी बादी | |
| ४८ | लालबहादुर महतारा | खर्क बहादुर महतारा | चौरजहारी. ६ | दाइ | | दिर्गे महतारा | शीतली महतारा | दाजुभाइ भएको |
| ४९ | देउमती पुन | निर्मल पुन मगर | चौ.न.पा.१० | भाइ | बमबहादुर पुन | यदवीर पुन | नन्नकली पुन | दिदिभाइ भएको |
| ५० | गोविन्द वर | डिलसरा वि.क. | चौरजहारी. ४ | भाउजु | कालो वर | खड्के वर | शितली वर | हकवाला नभएको |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

२०८०।०३।१४
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
चौरजहारी नगरपालिका
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

## चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## घाइते अपाङ्गता भएका व्यक्तिको विवरण

| क्र.स. | कार्यदल संकेत नं. | घाइते अपाङ्गताका व्यक्तिको नाम, थर र ठेगाना | ठेगाना | घाइते अपाङ्गताको श्रेणी | बाजेको नाम | बाबुको नाम | आमाको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | ४-५२-५२६ | लालबहादुर बुढा | चौरजहारी ३ | १० प्रतिशत | हिरे बुढा | बसन्ते बुढा | दुरपती बुढा |
| २ | | कमला बुढाथोकी | चौरजहारी ६ | २० प्रतिशत | गोभर्धन मुलेल | धन बहादुर मुलेल | मुगी गौतम |
| ३ | | खिमबहादुर बुढाथोकी | चौरजहारी ६ | ४० प्रतिशत | राविर बुढा | बलबिर बुढा | मागी बुढा |
| ४ | | झुपबहादुर बिक | चौरजहारी ६ | १० प्रतिशत | कल्चु कामी | भर्दे कामी | रवि कामी |
| ५ | | नवराज न्यौपाने | चौरजहारी - ७ | १० प्रतिशत | कालु जैसी | भक्त बहादुर खत्री | तुलसा खत्री |
| ६ | | मुना बि.एम. | चौरजहारी १० | १०० प्रतिशत | डब्बल बहादुर बुढा | विरेन्द्र विएम | ईश्वरी कुमारी शर्मा विएम |
| ७ | | गोपीलाल शर्मा | चौरजहारी १० | ५० प्रतिशत | कालु जैसी | विरु जैसी | लली जैसी |
| ८ | | पवित्रा रोका | चौरजहारी १० | १० प्रतिशत | ग्वामे बुढा | धरम बहादुर बुढा | हिरा बुढा |
| ९ | | कृष्ण बहादुर रोका | चौरजहारी १० | १० प्रतिशत | ससु रोका | कलम बहादुर रोका | खीमी रोका |
| १० | | धनविर बुढा | चौरजहारी १० | १० प्रतिशत | पुने बुढा | कृपालाल बुढा | अमृता बुढा |
| ११ | | हस्त बहादुर राना | चौरजहारी १४ | प्रथम | धर्मे राना | खड्के राना | तुलसी राना |
| १२ | | भीमबहादुर शाह | चौरजहारी ११ | ५० प्रतिशत | चक्र बहादुर शाह | प्रेम बहादुर शाह | पदम कुमारी शाह |
| १३ | | झुपलाल शर्मा | चौरजहारी ५ | १० प्रतिशत | खलु जैसी | देवु जैसी | कौशिला जैसी |
| १४ | | सेतीराम कामी | चौरजहारी ५ | १० प्रतिशत | खड्के कामी | गोरे कामी | चम्फि कामी |
| १५ | | निमे बुढा | चौरजहारी ८ | १५ प्रतिशत | बिसे बुढा | तुले बुढा | मोति बुढा |
| १६ | | विरेन्द्र वि.एम. | चौरजहारी १० | २० प्रतिशत | कमान बहादुर बुढा | डबल बहादुर बुढा | भद्र कुमारी बुढा |
| १७ | | कमला यरी केसी | चौरजहारी १० | ३० प्रतिशत | मनजित यरी | परजित यरी | तुलसा यरी |
| १८ | | तिलक नेपाली | चौरजहारी ११ | १५ प्रतिशत | बिक्रमे नेपाली | कृपे नेपाली | मागी नेपाली |
| १९ | | गगन बोहरा | चौरजहारी १२ | १० प्रतिशत | बइकुन्टी बोहरा | प्रसे बोहरा | भद्रकली बोहरा |

२०८०।०३।१४

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर सुर्खेत, नेपाल

**सहिद तथा वेपत्ता भएका परिवारलाई सहिद स्मृती भत्ता वितरण सम्बन्धी विषयवस्तु तथा शर्तहरु:-**

१. सहिद वा वेपत्ता भएका परिवारका हकवालालाई भत्ता वितरण गर्दा गृह मन्त्रालय वा सम्बन्धीत जिल्ला प्रशासन कार्यलयको कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको व्यक्तिलाई मात्र भत्ता रकम प्रदान हुनुपर्नेछ।

२. पालिकाहरुले मन्त्रालयबाट प्राप्त भत्ता रकम सहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ को दफा २ को (झ) बमोजिमको नजिकको हकवालाको (क) वर्गको बैंक खातामा निर्देशिकाको दफा ७ बमोजिमको रकम जम्मा गरिदिनु पर्नेछ।

३. सहिद वा वेपत्ता परिवारका व्यक्तिहरु कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्ला/पालिकामा स्थायी रुपमा बसाईसराई गएको भनी प्रमाणित भएमा त्यस्ता परिवार र व्यक्तिलाई बसाईसराई गरी गएकै पालिकाबाट भत्ता उपलब्ध गराउनु पर्नेछ।

४. सहिद परिवारको हकवालालाई सहिद स्मृती भत्ता रकम उपलब्ध गराउँदा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको कार्यदलमा भएको नामावली र मृत्यू दर्ता प्रमाण पत्रमा भएको नामावली एउटै हुनु पर्नेछ। नामावली फरक परेको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट एउटै व्यक्ति हो भनी प्रमाणित भएको कागजत पेश गर्नुपर्नेछ।

५. सहिद वा वेपत्ताका परिवारका व्यक्तिहरु कर्णाली प्रदेशबाट अन्य प्रदेशमा स्थायी रुपमा बसाईसराई गरी गएको भनी प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

६. सहिद वा वेपत्ता परिवारको हकमा एउटै व्यक्तिको नाममा फरक-फरक व्यक्तिले निवेदन दिईएको पाइएमा निर्देशिका दफा २ को (झ) बमोजिम नजिकको शुरु हकवालालाई नाता खुल्ने कागज पेश गरेर मात्र भत्ता उपलब्ध गराउनु पर्नेछ।

७. सहिद वा वेपत्ता व्यक्तिका परिवारलाई भत्ता वितरण गर्दा आगामी आ.व. मा दायित्व नसर्ने गरी वा सृजना नहुने गरी कार्यसम्पन्न गर्नुपर्नेछ।

८. मन्त्रालयबाट भत्ता वितरणका लागि उपलब्ध गराईएको रकम अपुग भएमा निर्देशिका तथा उल्लेखित शर्तहरु बमोजिम एकिन भएको विवरणका आधारमा स्थानीय तहले थप रकम माग गर्न सक्नेछ।

९. पालिकाहरुबाट वितरण भएको सहिद स्मृति भत्ताको प्रतिवेदन २०८० असार मसान्त भित्रमा निर्देशिकाको अनुसूचि-३ बमोजिमको ढाँचामा अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्नुपर्नेछ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

१०. भत्ता वापत उपलब्ध गराईएको रकम निर्देशिका विपरित अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन। भत्ता रकमको दुरुपयोग भएको पाईएमा दुरुपयोग गर्ने व्यक्तिबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

११. पालिकाले वितरण गरेको भत्ताको खर्च/निकासाको लेखा प्रचलित कानून बमोजिम राखि सम्बन्धित पालिकाले नै आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्नुपर्नेछ र लेखापरीक्षण पश्चात सोको प्रतिवेदन यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१२. सम्बन्धित स्थानीय तहले खर्च गर्न नसकी बाँकी रहेको रकम मन्त्रालयमा अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ ।

१३. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराको हकमा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

..........................
(ध्रुव घिमिरे)
सचिव
सचिव

कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण सम्बन्धी विषयवस्तु तथा शर्तहरुः-**

१. घाइते अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण गर्दा गृह मन्त्रालय वा सम्बन्धीत जिल्ला प्रशासन कार्यलयको कार्यदलको प्रतिवेदनमा नाम समावेश भएको व्यक्तिलाई मात्र भत्ता रकम प्रदान हुनुपर्नेछ।

२. पालिकाहरुले मन्त्रालयबाट प्राप्त भत्ता रकम घाइते अपाङ्गता भएका व्यक्तिलाई स्वयम्को (क) वर्गको बैंक खातामा निर्देशिकाको दफा ७ बमोजिमको रकम जम्मा गरिदिनु पर्नेछ।

३. घाईते अपाङ्गता भएका व्यक्तिहरु कर्णाली प्रदेश भित्रै अन्यत्र जिल्ला/पालिकामा स्थायी रुपमा बसाईसराई गएको भनी प्रमाणित भएमा त्यस्तो व्यक्तिलाई बसाईसराई गरी गएकै पालिकाबाट भत्ता उपलब्ध गराउनु पर्नेछ।

४. घाइते अपाङ्गता भएको व्यक्तिलाई जिवन निर्वाह भत्ता रकम उपलब्ध गराउँदा गृह मन्त्रालय वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयको कार्यदलमा भएको नामावली र नागरिकताको प्रमाण पत्रमा भएको नामावली एउटै हुनु पर्नेछ। नामावली फरक परेको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट एउटै व्यक्ति हो भनी प्रमाणित भएको कागजत पेश गर्नुपर्नेछ।

५. घाईते अपाङ्गता भएका व्यक्तिहरु कर्णाली प्रदेशबाट अन्य प्रदेशमा स्थायी रुपमा बसाईसराई गरी गएको भनी प्रमाणित भएमा त्यस्ता व्यक्तिलाई भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

६. घाइते अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्रको हकमा नेपाल सरकार गृह मन्त्रालयले वर्गिकरण गरेको श्रेणी मध्येबाट श्रेणी खुलेको परिचयपत्र पेश गरेका व्यक्तिलाई मात्र भत्ता वितरण गर्नु पर्नेछ। पालीका तथा अन्य निकायबाट जारी भएको परिचयपत्र मान्य हुने छैन।

७. घाइते अपाङ्गता भएको व्यक्ति स्वयम्ले निवेदन नदिई वा अन्य व्यक्तिले निवेदन दिएको पाईएमा त्यस्तो व्यक्तिलाई जीवन निर्वाह भत्ता रकम उपलब्ध गराउन पाइने छैन।

८. घाइते अपाङ्गता भएको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनी निकायमा हाल रोजगारीमा रहि तलब भत्ता वा सरकारी सेवा सुविधा खाइपाइ आएको भएमा त्यस्तो व्यक्तिलाई सेवा सुविधा प्राप्त गरेको अवधिभरको भत्ता रकम उपलब्ध गराउन पाउनेछैन।

९. मन्त्रालयबाट भत्ता वितरणका लागि उपलब्ध गराईएको रकम अपुग भएमा निर्देशिका तथा उल्लेखित शर्तहरु बमोजिम एकिन भएको विवरणका आधारमा स्थानीय तहले थप रकम माग गर्न सक्नेछ।

१०. घाइते अपाङ्गता भएका व्यक्तिलाई भत्ता वितरण गर्दा आगामी आ.व. मा दायित्व नसर्ने गरी वा सृजना नहुने गरी कार्यसम्पन्न गर्नुपर्नेछ।

सचिव

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

११. पालिकाहरुबाट वितरण भएको घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ताको प्रतिवेदन २०८० असार मसान्त भित्रमा निर्देशिकाको अनुसूचि-३ बमोजिमको ढाँचामा अनिवार्य रुपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१२. भत्ता वापत उपलब्ध गराईएको रकम निर्देशिका विपरित अन्य कुनै प्रयोजनका लागि खर्च गर्न पाइने छैन। भत्ता रकमको दुरुपयोग भएको पाईएमा दुरुपयोग गर्ने व्यक्तिबाट सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

१३. पालिकाले वितरण गरेको भत्ताको खर्च/निकासाको लेखा प्रचलित कानून बमोजिम राखि सम्वन्धित पालिकाले नै आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्नुपर्नेछ र लेखापरीक्षण पश्चात सोको प्रतिवेदन यस मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१४. सम्बन्धित स्थानीय तहले खर्च गर्न नसकी बाँकी रहेको रकम मन्त्रालयमा अनिवार्य रुपमा फिर्ता गर्नुपर्नेछ ।

१५. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराको हकमा निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(ध्रुव घिमिरे)
सचिव
सचिव